DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# स्थानीय तह उपनिर्वाचन २०८१ : निर्वाचन व्यवस्थापन र परिणामको लेखाजोखा

अंक १५ | पुस २०८१

## सारांश

स्थानीय तहका ४४ रिक्त पदका लागि मंसिर १६, २०८१ मा उपनिर्वाचन सम्पन्न भयो। दलहरू २०८४ को निर्वाचन जित्ने लक्ष्य लिई सोहीअनुरूप सक्रिय भइरहेको परिप्रेक्ष्यमा यो उपनिर्वाचन भएकाले यसले धेरैको ध्यान तानेको थियो। राजनीतिक दलहरूले पनि यसलाई प्रतिष्ठाको विषय बनाई केन्द्रीय तहकै नेता समेतलाई निर्वाचन प्रचारप्रसारमा खटाएका थिए। पहिले प्रमुख या उपप्रमुखमा पुरुषले जितेर अहिले काम गरिरहेको तथा प्रमुख र उपप्रमुखमध्ये अर्को पद खाली भएमा त्यसमा दलले महिला नै उठाउनुपर्ने निर्वाचन आयोगको निर्देशनका कारण महिलाको उम्मेदवारी केही बढ्नु, वडा तहमा नै मत गणना गरी छिटो परिणाम घोषणा गर्नु, बदर मत कम हुनु आदि यस निर्वाचनका सकारात्मक पक्ष हुन्। उपनिर्वाचन प्रक्रियागत मापदण्डहरूको पालना गरी शान्तिपूर्वक सम्पन्न भए पनि परिचय पत्र प्रमाणीकरण अभ्यासमा देखिएका विसङ्गति, मतदानस्थलसम्म मतदाताको सुलभ पहुँचका चुनौती, सहयोगीले मतदान गर्ने अभ्यासमा एकरूपताको कमी, उम्मेदवारद्वारा प्रायोजित खाजा, खाना र मतदान स्थलसम्मको आतेजाते व्यवस्था आदि जस्ता विषयले निर्वाचनको गुणस्तरलाई चुनौती दिएका छन्। ग्रामीण भेगका बहुसङ्ख्यक मतदाताले परम्परागत ठूला दललाई नै रोजेको र शहरी इलाकाका मतदाताले भने ती दलको विकल्प खोजिरहेको संकेत यस उपनिर्वाचनले दिन्छ।

## १. पृष्ठभूमि

सङ्घीयता लागु भएपछि वैशाख २०७९ मा स्थानीय तहको दोस्रो कार्यकालका लागि निर्वाचन भयो। तर जनप्रतिनिधिको निधन, राजीनामा या बर्खास्तीजस्ता विभिन्न कारणले केही पद रिक्त हुन पुगे। जिल्ला समन्वय समिति (जिसस) का प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका मेयर, उपमेयर र वडाध्यक्षको पदावधि एक वर्षभन्दा बढी बाँकी हुँदै पद रिक्त भएमा बाँकी कार्यकालका लागि उपनिर्वाचन गर्नुपर्ने प्रावधान स्थानीय तह निर्वाचन ऐन, २०७३ मा छ। सोहीबमोजिम दुई जिसस प्रमुख, एक मेयर, दुई अध्यक्ष, एक उपमेयर, चार उपाध्यक्ष र ३४ वडाध्यक्ष गरी कुल ४४ रिक्त पदका लागि उपनिर्वाचन गर्ने घोषणा निर्वाचन आयोगले गरेको थियो।

७७ जिल्लाका जिसस प्रमुख र उपप्रमुख, ७५३ पालिकाका प्रमुख र उपप्रमुखका साथै ६,७४३ वडाका वडाध्यक्ष गरी जम्मा ८,४०३ जनप्रतिनिधिमध्ये यो उपनिर्वाचन मात्रै ४४ पदका लागि गरिएको थियो र यसका मतदाता २२६,७९९ थिए। त्यो भनेको कुल मतदाताको १.२६ प्रतिशत मात्रै हो। त्यसैले यो उपनिर्वाचनले दलको लोकप्रियता या अलोकप्रियता एवम् जनताको छनोटको देशव्यापी तस्विर दिन सक्दैन। यद्यपि दल र उम्मेदवारहरूप्रति जनताको लगाव या अलगावबारे केही सङ्केत भने निश्चय नै गर्छ।

यो राजनीतिक परिवेश विश्लेषण स्थानीय तह उपनिर्वाचन २०८१ को सेरोफेरोमा केन्द्रित छ। डीआरसीएनले केही स्थानमा यस उपनिर्वाचन पर्यवेक्षण गरेको थियो।[1] उक्त पर्यवेक्षण, केही व्यक्तिसँग अन्तर्वार्ता र पूर्वप्रकाशित सामग्रीको आधारमा यो राजनीतिक विश्लेषण तयार पारिएको हो।


## २. निर्वाचन आयोगको तयारी

भदौ ३०, २०८१ मा बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन आयोगको सिफारिसबमोजिम स्थानीय तहको उपनिर्वाचन मंसिर १६, २०८१ मा गर्ने निर्णय गरेको थियो।[2] निर्वाचन घोषणापछि नयाँ मतदाता दर्ता रोक्नुपर्ने प्रावधानअनुसार नामावली सङ्कलन बन्द गरियो। मंसिर १५, २०८१ मा अठार वर्ष पुगेका र मतदाता नामावलीमा नाम भएका व्यक्ति मतदानका

---

[1] डीआरसीएनले दोलखाको गौरीशङ्कर गाउँपालिका, नुवाकोटको ककनी गाउँपालिका, दैलेखको महाबु गाउँपालिका, काठमाडौँको कीर्तिपुर नगरपालिका र कपिलवस्तुको शुद्धोधन गाउँपालिकामा पर्यवेक्षणका लागि निर्वाचन आयोगबाट अनुमति प्राप्त गरी सोहीबमोजिम हरेक पालिकामा दुई जनाका दरले कुल १० जना पर्यवेक्षक खटाएको थियो।

[2] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। २०८१। २०८१ साल भदौ ३० गतेको मन्त्रिपरिषद्को निर्णय। opmcm.gov.np/download/संवत-२०८१-साल-भदौ-महिनाका/?wpdmdl=10305&refresh=675afc930b9181734016147 मा उपलब्ध; मंसिर २७,२०८१ मा हेरिएको।




*चित्र १ : राजनीतिक दलका र स्वतन्त्र उम्मेदवारहरूको सङ्ख्या*

लागि योग्य मानिएका थिए। यो उपनिर्वाचनमा ११४,९०० पुरुष, १११,८९६ महिला र ३ 'अन्य' गरी कुल २२६,७९९ मतदाता थिए।

निर्वाचन आयोगले असोज २, २०८१ मा उपनिर्वाचनका लागि कार्यतालिका र कात्तिक ७, २०८१ मा स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०८१ जारी गरेको थियो । निर्वाचन व्यवस्थापनको मार्गदर्शन गर्ने यो निर्देशिकाले निर्वाचन सम्पन्न गर्न अत्यावश्यक ७३ वटा अनुसूची पनि समेटेको थियो । कात्तिक २८ मा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई अनलाइन तालिम दिइएको र कात्तिक ३० गते मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी काम शुरू गरिएको थियो।[३]

गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिससको प्रमुख वा उपप्रमुख पदमा संवत् २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरूष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिससको प्रमुख वा उपप्रमुख पदमा उम्मेदवारी दिने राजनीतिक दलले महिला उम्मेदवारको मनोनयन पत्र पेश गर्न निर्वाचन आयोगले निर्देशन गरेको थियो।[४]

कुल ४४ पदका लागि भएको यो उपनिर्वाचनमा ५६ महिला, ३२० पुरुष र १ अन्य गरी कुल ३७७ उम्मेदवार थिए। तीमध्ये १०२ जना स्वतन्त्र र बाँकी दलगत उम्मेदवार थिए (हेर्नुहोस् चित्र १)। दुई जिसस प्रमुख र एक वडाध्यक्ष पदमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भए भने बाँकी ४१ पदका लागि निर्वाचन गरियो।

## ३. राजनीतिक दलको तयारी र प्रचारप्रसार

२०८४ को निर्वाचनको पूर्वसन्ध्यामा भएको यस उपनिर्वाचनलाई दलहरूले ठूलै महत्त्व दिएका थिए। सत्तारुढ दल नेपाली काँग्रेसले कात्तिक १४, २०८१ मा महामन्त्री विश्वप्रकाश शर्माको संयोजकत्वमा स्थानीय तह उपनिर्वाचन समिति गठन गरेको थियो।[५] नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) [नेकपा एमाले] को सचिवालय बैठकले सिङ्गो पार्टी पङ्क्तिलाई उपनिर्वाचनमा केन्द्रित हुन र उम्मेदवारको टुङ्गो लगाएर कात्तिक २३, २०८१ भित्र केन्द्रीय कार्यालयमा जानकारी पठाउन जिल्ला र प्रदेश समितिलाई

[३] निर्वाचन आयोग। २०८१। स्थानीय तह उपनिर्वाचन २०८१ : निर्वाचन परिणाम प्रतिवेदन । https://election.gov.np/admin/public/storage/Bi-LL-2081/final%20report%20llbi.pdf मा उपलब्ध; मंसिर २६, २०८१ मा हेरिएको।

[४] निर्वाचन आयोग । २०८१ । राजनीतिक दलहरूलाई निर्देशन । कात्तिक १ । https://election.gov.np/admin/public//storage/Bi-LL-2081/Press%20Release%202081-07-01.pdf मा उपलब्ध; मंसिर १८ मा हेरिएको।

[५] कान्तिपुर । २०८१ । काँग्रेस महामन्त्री शर्माको संयोजकत्वमा स्थानीय तह उपनिर्वाचन संयोजन समिति गठन । कात्तिक १४ । https://ekantipur.com/news/2024/10/30/formation-of-local-level-by-election-coordination-committee-under-the-coordination-of-congress-general-minister-sharma-11-00.html मा उपलब्ध ; मंसिर १५, २०८१ मा हेरिएको।

निर्देशन दिएको थियो।[६] यसैगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा माओवादी केन्द्र] ले उम्मेदवार छान्ने जिम्मा स्थानीय समितिलाई दिँदै कात्तिक २६, २०८१ सम्म उम्मेदवारको नाम पठाउन निर्देशन दिएको थियो।[७] प्रतिनिधिसभाको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भदौको पहिलो साता भएको केन्द्रीय समिति बैठकमा स्थानीय तह उपनिर्वाचनमा भाग लिने निर्णय गरेको र केही स्थानहरूमा मात्र उम्मेदवारी दिने भनी कात्तिक २१, २०८१ मा पार्टीका केन्द्रीय सदस्य तथा सांसद गणेश पराजुलीको नेतृत्वमा केन्द्रीय निर्वाचन संयोजन समिति गठन गरेको थियो।[८] रास्वपा स्थानीय तहको चुनावमा सहभागी भएको यो पहिलो पटक हो।

यस उपनिर्वाचनलाई प्रतिष्ठाको विषय मानेर प्रदेश तथा सङ्घीय तहका सांसददेखि केन्द्रीय नेताहरू पनि चुनाव प्रचारप्रसारका लागि खटिएका थिए। कीर्तिपुर नगरपालिकामा आयोजित बेग्लाबेग्लै चुनावी सभामा नेकपा एमालेका महासचिव शङ्कर पोखरेल, नेपाली काँग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सम्बोधन गरेका थिए।[९] नेपाली काँग्रेसका डा. मिनेन्द्र रिजाल, डा. प्रकाशशरण महत, जीवन परियार, नेकपा एमालेका ईश्वर पोखरेल, शेरधन राई, अष्टलक्ष्मी शाक्य र नेकपा माओवादी केन्द्रका राजकुमार शर्मा, टेकबहादुर बस्नेत आदि विभिन्न स्थानीय तहमा प्रचारप्रसारमा संलग्न थिए। रास्वपाका स्वर्णिम वाग्ले, सुमना श्रेष्ठ, मनिष झा र विराजभक्त श्रेष्ठ पनि भोट माग्दै हिँडेका थिए। धरान उपमहानगरपालिकामा स्वतन्त्र उम्मेदवार भई मेयर बनेका हर्क साम्पाङ कीर्तिपुर नगरपालिकाका मेयरका स्वतन्त्र उम्मेदवार राजमान महर्जन र काठमाडौँ महानगर वडा नं. १६ का वडाध्यक्षका स्वतन्त्र उम्मेदवार पशुपति कठायतलाई भोट माग्दै चुनावी सभा र ¥यालीमा सहभागी भएका थिए।[१०]

२०७९ सालमा गठबन्धन गरी चुनाव लडेका प्रमुख दलहरू यस पटक एक्लाएक्लै प्रतिस्पर्धामा थिए। यद्यपि, केही सीमित स्थानमा भने दलहरूले स्थानीय तहमै आपसी तालमेल मिलाएका थिए। जस्तै, रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा नेपाली काँग्रेस र एमालेले गठबन्धन गरी एमालेका उम्मेदवारलाई रुख चिह्नमा उठाएका थिए।[११] बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकामा नेकपा एमाले र नेकपा माओवादी केन्द्रले तालमेल गरेका थिए। दुवै दलले २०८४ को चुनावमा समेत तालमेल गर्ने सम्झौता गर्दै उपनिर्वाचनमा गठबन्धन बनाएपछि माओवादी केन्द्रभित्र विवाद उठेको थियो।[१२]

प्रचारप्रसारका लागि उम्मेदवारहरूले मुख्यतः घरदैलो अभियान र चुनावी सभा गरेका थिए। त्यस्ता कार्यक्रममा पर्चा वितरण तथा ब्यानर र दलका झन्डा प्रदर्शन गरेका थिए। केही स्थानमा मोटरसाइकल ¥याली पनि आयोजना गरिएको थियो। अघिल्ला निर्वाचनहरूमा प्रचारप्रसारका लागि भित्ते लेखन, पोस्टर, निर्वाचन चिह्न अङ्कित झण्डा र दलका ठूला झण्डा, निर्वाचन चिह्न अङ्कित टोपी, टिसर्ट, सारी, पछ्यौरा जस्ता माध्यम पनि अत्यधिक प्रयोग हुन्थे। तर निर्वाचन आयोगले यस्ता प्रचार शैलीलाई रोक लगाएको छ। यद्यपि कतैकतै चुनाव चिह्न अङ्कित टोपी र टिसर्ट लगाएका कार्यकर्ता यस उपनिर्वाचनको प्रचारप्रसारका क्रममा पनि देखिएका थिए। प्रचारप्रसारका यी परम्परागत शैलीको उपयोग घट्दै गएको र डिजिटल मिडिया प्रचारप्रसारको नयाँ मञ्चका रूपमा उदाउँदै गरेको नवीन यथार्थ हो। यस उपनिर्वाचनमा पनि फेसबुक, टिकटक, एक्स (पुरानो नाम- ट्विटर), ह्वाट्सएपलगायतका सामाजिक सञ्जालमार्फत अभियान चलाएर भोट माग्ने गरेको र स्थानीय स्तरका रेडियो, अनलाइन पोर्टल आदिमा विज्ञापन गरेको पाइयो।

## ४. चुनावी मुद्दा

राजनीतिक दलहरूको ध्यान २०८४ को चुनावमा आफ्नो पकड बलियो बनाउनेतर्फ आकृष्ट भइरहेको समयमा यो उपनिर्वाचन हुँदै थियो। त्यसैले दलहरूले यस उपनिर्वाचनलाई जनताको भावना बुझ्ने अवसर मान्दै सकेसम्म धेरै मतदाता आफूतिर आकर्षण गर्ने रणनीति लिएका थिए। त्यसका लागि लोकप्रिय तर अमूर्त आश्वासनसमेत दलहरूले मतदातालाई दिएको पाइयो।

नेपाली काँग्रेसले लोकतान्त्रिक प्रणालीलाई अझ बलियो बनाउन, स्थानीय तहलाई थप जनमुखी बनाउने, सङ्घीय सरकारलाई अझ जिम्मेवार बनाउने, सहकारी ठगीमा परेका नागरिकलाई बचत फिर्ता र दोषीलाई दण्ड दिलाउने लगायत चुनावी मुद्दा बनाउन भन्दै सङ्गठनलाई आन्तरिक सर्कुलर पठाएको थियो। साथै गाउँठाउँमा विगतमा पुगेका विकासका कार्य नागरिक पङ्क्तिमा स्मरण गराउँदै अधुरा विकास योजनाहरूलाई गति दिएर नागरिकमा नयाँ विश्वास भर्ने काम गर्ने र स्थानीयवासीको भावना र आवश्यकताअनुरूप स्थानीय स्तरका मुद्दाको जिम्मेवार ढङ्गले नेतृत्व गर्ने विषयलाई चुनावको

---

[६] पाण्डे, केशवप्रसाद । २०८१ । उपनिर्वाचन: उम्मेदवार छनोटमा केन्द्रित दलहरू । *नयाँ पत्रिका*, कात्तिक २० । www.nayapatrikadaily.com/news-details/152845/2024-11-05 मा उपलब्ध; मंसिर १८, २०८१ मा हेरिएको।

[७] बीसी, गंगा। २०८१। उपनिर्वाचनको तयारीमा दलहरू। *कान्तिपुर*, कात्तिक १६। https://ekantipur.com/news/2024/11/01/major-parties-preparing-for-by-elections-39-vacancies-will-be-held-on-november-16-12-58.html मा उपलब्ध; मंसिर १८, २०८१ मा हेरिएको।

[८] नेपाल प्रेस। २०८१। उपनिर्वाचनमा भाग लिने रास्वपाको तयारी, गणेश पराजुलीलाई संयोजनको जिम्मेवारी । कात्तिक २१ । www.nepalpress.com/2024/11/06/528104/ मा उपलब्ध ; मंसिर १८, २०८१ मा हेरिएको।

[९] बीसी, गंगा। २०८१। कीर्तिपुर उपनिर्वाचनमा प्रमुख दलका शीर्ष नेताको सम्बोधन, कसले के भने? *कान्तिपुर*, मंसिर १३। https://ekantipur.com/news/2024/11/28/address-of-top-leaders-of-major-parties-in-kirtipur-by-election-who-said-what-44-07.html मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको।

[१०] गिरी, शङ्कर । २०८१ । कीर्तिपुर आएर स्वतन्त्र उम्मेदवार राजमानलाई भोट माग्दै छन् हर्क साम्पाङ । अनलाइनखबर, मंसिर १० । www.onlinekhabar.com/2024/11/1573340/hark-sampang-is-coming-to-kirtipur-and-asking-for-votes-for-independent-candidate-rajman मा उपलब्ध; मंसिर २०८१ मा हेरिएको।

[११] केसी, महेश। २०८१। काँग्रेस एमाले गठबन्धनलाई हराउँदै पुथा उत्तरगंगाको उपाध्यक्षमा माओवादी विजयी । *कान्तिपुर*, मंसिर १७। https://ekantipur.com/news/2024/12/02/maoist-wins-putha-uttarganga-vice-seat-defeating-congress-uml-alliance-53-34.html मा उपलब्ध; मंसिर १९, २०८१ मा हेरिएको।

[१२] शाह, अर्जुन। २०८१। ०८४ का लागि भागभण्डा गरेर बाजुरामा एमाले माओवादी तालमेल। *कान्तिपुर*, मंसिर १२। https://ekantipur.com/pradesh-7/2024/11/27/uml-maoist-alliance-by-dividing-for-084-21-56.html मा उपलब्ध मंसिर २४, २०८१ मा हेरिएको।

प्राथमिकतामा राख्न भनेको थियो ।[१३] नेकपा एमालेले काठमाडौँको दरबारमार्गमा मंसिर ७, २०८१ मा गरेको जागरण सभा अराजकता विरुद्ध र उपनिर्वाचनमा भोट माग्नका लागि भएको बताएको थियो ।[१४] माओवादी केन्द्रले भने सत्तारुढ दलप्रति जनताको असन्तुष्टिलाई ध्यानमा राखेर भ्रष्टाचारविरोधी महाअभियानलाई आफ्नो चुनावी प्राथमिकतामा राखेको थियो ।[१५] रास्वपाले पनि आन्तरिक सर्कुलर जारी गर्दै उपनिर्वाचनलाई भ्रष्टाचार, बेथिति र प्रतिशोधविरूद्धको अभियानको आन्दोलनकै रूपमा अगाडि बढाउन निर्देशन दिएको थियो ।[१६] स्थानीय उपनिर्वाचन भए पनि राजनीतिक दलले स्थानीय मुद्दालाई भन्दा राष्ट्रिय मुद्दालाई प्राथमिकता दिएका थिए । दलका आश्वासन र उपनिर्वाचन हुँदै गरेका पदहरूको कार्यजिम्मेवारी बीचमा तालमेल नमिलेको तथ्य माथिका दृष्टान्तले देखाउँछन् ।

उम्मेदवारहरूले भने स्थानीय मुद्दा उठाएका थिए तर तिनमा पनि लोकप्रियताका लागि दिइएका आश्वासन नै धेरै थिए । उम्मेदवारहरूको मूल जोड विकास निर्माणतर्फ नै केन्द्रित थियो । साथै, शिक्षा, स्वास्थ्य, कृषि र उद्योगलाई प्राथमिकता दिँदै रोजगार सिर्जना गर्ने प्रतिबद्धता तिनले गरेका थिए । पालिकाले शुरू गरिरहेको राम्रा कामलाई निरन्तरता दिने र कामको गति बढाउने आश्वासन पनि तिनको चुनावी मुद्दाले समेटेको थियो । सरसफाइ अभियन्ता तथा कीर्तिपुर नगरपालिकाको मेयरका स्वतन्त्र उम्मेदवार राजमान महर्जनले स्वास्थ्य र सरसफाइलाई नै आफ्नो मुख्य योजना बनाएका थिए ।[१७] सोही नगरपालिकाको जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार हनी (दीपक) महर्जनको चुनावी एजेन्डा शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष पहल गर्ने थियो ।[१८] यी क्षेत्रमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिको पहुँच पुऱ्याउन विशेष ध्यान दिने उनको थप योजना थियो ।

उम्मेदवारले आश्वासन दिएका धेरै कार्यक्रम भने कार्यकालको बाँकी करिब दुई वर्षमा पूरा गर्न गाह्रो हुने खालका थिए । मोरङको ग्रामथान गाउँपालिकालाई स्मार्ट भिलेज बनाउने परियोजना नेकपा माओवादी केन्द्रका उम्मेदवार नमोनारायण माझीले घोषणापत्रमा उल्लेख गरेका थिए ।[१९] कीर्तिपुर नगरपालिकाका मेयरका उम्मेदवार नेपाली काँग्रेसका कृष्णमान डंगोलले अस्पताल निर्माणलाई आफ्नो मुख्य चुनावी मुद्दा बनाएका थिए[२०] भने नेकपा एमालेका उम्मेदवार सुरेन्द्र मानन्धरले कीर्तिपुर नगरपालिकाको पूर्वाधार विकासमा जोड दिएका थिए ।[२१]

## ५. निर्वाचन आचारसंहिता

निर्वाचन आयोगले उपनिर्वाचन हुने स्थानीय तहमा सार्वजनिक पदधारण गरेका व्यक्ति, नेपाल सरकार कर्मचारी राजनीतिक दल, उम्मेदवार, पर्यवेक्षक, सञ्चारमाध्यम आदिका लागि मंसिर २, २०८१ देखि निर्वाचन सम्पन्न नभएसम्म निर्वाचन आचारसंहिता २०७९ का सम्पूर्ण व्यवस्था लागू गरिएको सूचना जारी गरेको थियो ।[२२] निर्वाचन आचारसंहिता २०७९ को दफा १४ मा उम्मेदवारले प्रचारप्रसारका लागि बढीमा दुई हलुका सवारी साधन प्रयोग गर्न सक्ने व्यवस्था छ । तर स्थानीय तह उपनिर्वाचनमा दलहरूले यसको पालना नगरेका उदाहरण धेरै थिए । दैलेखको महाबु गाउँपालिकामा निर्वाचन प्रचारप्रसारको अन्तिम दिन नेकपा एमालेले गाउँपालिकामा गरेको चुनावी सभामा गाउँगाउँबाट कार्यकर्ता ल्याउन एक दर्जनभन्दा बढी गाडी प्रयोग गरेको र माओवादी केन्द्रले मोटरसाइकल ऱ्याली गरेको थियो । महाबु गाउँपालिकाका सहायक निर्वाचन अधिकृत उदयराज उपाध्यायले कुनै उजुरी नपरेकाले कारबाही पनि गर्नु नपरेको बताए ।[२३]

मोरङको ग्रामथान गाउँपालिकामा नेपाली काँग्रेसका महामन्त्री गगन थापाको उपस्थितिमा मंसिर १२, २०८१ मा आयोजना गरेको चुनावी सभामा सरकारी गाडी प्रयोग भएको थियो ।[२४] उपनिर्वाचनको प्रचारप्रसारका क्रममा उम्मेदवारको फोटोसहितका प्रचारसामग्री जताततै देखिन्थ्यो भने विभिन्न ठाउँका सडक वरिपरिका ढुंगा तथा भित्तामा विभिन्न दलका चुनाव चिह्न बनाइएको थियो । दैलेखको महाबु गाउँपालिका कार्यालय भएको स्थल वरिपरि नेपाली काँग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको प्रचार सामग्री मतदानको दिन दिउँसोसम्म निकालिएको थिएन । मतदानको दिन दिउँसो २

[१३] पोखरेल प्रशन्न । २०८१ । सहकारीको बचत फिर्ता प्रतिबद्धतासहित उपनिर्वाचनमा भोट माग्न काँग्रेसको सर्कुलर । *सेतोपाटी*, मंसिर ७ । www.setopati.com/politics/344218 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[१४] अनलाइनखबर । २०८१ । एमालेले भन्यो काठमाडौँको सभा अराजकताविरुद्ध । मंसिर ५ । www.onlinekhabar.com/2024/11/1570465/uml-said-assembly-of-kathmandu-against-anarchy मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[१५] नेपाल प्रेस । २०८१ । उपनिर्वाचनमा भोट माग्दै प्रचण्डको अपिलः भ्रष्टाचारविरोधी महाअभियानको सङ्कल्प गरेका छौं, साथ दिनुस् । मंसिर १२ । www.nepalpress.com/2024/11/27/534705/ मा उपलब्ध; मंसिर २१, २०८१ मा हेरिएको ।

[१६] सेतोपाटी । २०८१ । उम्मेदवारी दिएका ठाउँमा सरकारविरुद्ध कोण सभा गर्न रास्वपाको सर्कुलर । मंसिर ६ । www.setopati.com/politics/344162 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[१७] आचार्य, रोमन । २०८१ । चुनाव जिते पनि कीर्तिपुर नै बढार्ने हो: राजमान महर्जन । *रातोपाटी*, मंसिर ११ । www.ratopati.com/story/459419/even-if-we-win-the-election-we-will-increase-kirtipur-rajman-with-video मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[१८] काका, अक्षर । २०८१ । प्लस टु सकेका विद्यार्थीलाई थप अध्ययन र व्यवसाय गर्न निर्ब्याजी ऋण दिन्छौं । *सेतोपाटी*, मंसिर ९ । www.setopati.com/politics/344345 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[१९] आचार्य, अर्जुन । २०८१ । स्थानीय तह उपनिर्वाचन: ग्रामथानमा दलका नेताहरूको लस्कर । *रातोपाटी*, मंसिर १० । www.ratopati.com/story/459282/local-level-by-elections-laskar-of-party-leaders-in-villages मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[२०] पोखरेल, प्रशन्न । २०८१ । कीर्तिपुरमा १५ शय्याको अस्पताल बनाउँछुः कृष्णमान डंगोल । *सेतोपाटी*, मंसिर ७ । www.setopati.com/politics/344142 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[२१] काका, अक्षर । २०८१ । कीर्तिपुर लाख मान्छे बस्नयोग्य सहर बनाउँछुः सुरेन्द्र मानन्धर । *सेतोपाटी*, मंसिर ४ । www.setopati.com/politics/343971 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[२२] निर्वाचन आयोग । २०८१ । प्रेस विज्ञप्तिः स्थानीय तह उपनिर्वाचन २०८१ को प्रयोजनका लागि निर्वाचन आचारसंहिता लागू हुने सम्बन्धमा । मंसिर १ । https://election.gov.np/admin/public/storage/Bi-LL-2081/Press_Release_2081_08_01.pdf मा उपलब्ध; मंसिर १७, २०८१ मा हेरिएको ।

[२३] उदयराज उपाध्यायसँग मंसिर १३, २०८१ मा गरिएको कुराकानी ।

[२४] मुलुकी खबर । २०८१ । ग्रामथानमा उपनिर्वाचन: राजनीतिक दलकै कारण सुरक्षा चुनौती । मंसिर १३ । https://mulukikhabar.com/2024/11/60949/ मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

बजे भने प्रहरी निरीक्षकको टोलीले ती सामग्री हटाएको थियो । तर यसबापत या अन्य कारणले कुनै दल या उम्मेदवारलाई कारबाही भने गरिएन ।

प्रचारप्रसारका क्रममा दल तथा उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेको उजुरी केही ठाउँमा परेको थियो । मोरङको ग्रामथान गाउँपालिकामा उपनिर्वाचनको अघिल्लो दिन नेपाली काँग्रेसले भेला आयोजना गरेको र पैसासमेत बाँडेको भन्दै रास्वपाले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएको थियो । नेपाली काँग्रेसले भने दलको कुनै पनि भेला तथा सम्मेलन नभएको दाबी गर्दै दलको सम्पर्क कार्यालयमा बसिरहेको बेला भिडियो खिचेर लगेको प्रतिक्रिया दिएको थियो ।[२५] आचारसंहिता उल्लङ्घन भएको सूचना पाएपछि निर्वाचन आयोगले कीर्तिपुर नगरपालिकामा प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी र काठमाडौँ महानगरपालिका वडा नं. १६ मा सहसचिव नारायणप्रसाद सापकोटाको नेतृत्वमा अनुगमन टोली खटाएको थियो ।[२६] निर्वाचन आयोगले कीर्तिपुर नगरपालिकामा आचारसंहिता उल्लङ्घन गरेको भन्दै माओवादी केन्द्रका उम्मेदवारसहित छ जनालाई र काठमाडौँ महानगरपालिका वडा नं. १६ का अध्यक्षका चार उम्मेदवारलाई स्पष्टीकरण सोधेको थियो ।[२७] ती उम्मेदवार र तिनका प्रतिनिधिले प्रचारप्रसारका क्रममा गाडीमा लाउडस्पिकर चर्को गरी बजाएको, तोकिएभन्दा बढी ब्यानरसहित प्रचारप्रसार गरेको जस्ता विषय सोधिएको थियो ।

निर्वाचन आयोगले प्रचारप्रसारका लागि कुन पदका उम्मेदवारले बढीमा कतिसम्म खर्च गर्न पाउँछन् भनी सीमा तोकिदिएको छ । अझ उम्मेदवारले मतदाता नामावली खरिद, सवारी साधन/घोडा, सवारी साधनका लागि इन्धन र दाना, प्रचारप्रसारका सामग्री खरिद तथा ढुवानी, गोष्ठी तथा कार्यकर्ता परिचालन, छापा तथा विद्युतीय माध्यमबाट गरिने प्रचारप्रसार, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन र विविध भनी बेग्लाबेग्लै सीमा निर्धारण गरेको छ । यो उपनिर्वाचनमा नगरपालिका प्रमुख/उपप्रमुख र गाउँपालिका प्रमुख/उपप्रमुखले क्रमशः ४ लाख ५० हजार र ३ लाख ५० हजार रूपैयाँ मात्रै खर्च गर्न पाउने सीमा तोकिएको थियो । त्यस्तै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका वडाध्यक्षका उम्मेदवारले क्रमशः ३ लाख, २ लाख ५० हजार, २ लाख र १ लाख ५० हजार रूपैयाँ मात्रै खर्च गर्न पाउने सीमा थियो ।[२८] तर प्रचारप्रसारको तामझाम भने यो सीमालाई चुनौती दिने खालको नै थियो । निर्वाचनमा हुने वास्तविक खर्च र निर्वाचन आयोगमा बुझाइने खर्च बेग्लाबेग्लै हुने उम्मेदवारहरू स्वीकार्छन् । निर्वाचन प्रचारप्रसारमा खर्च बढ्दै गएकोतर्फ चासो र चिन्ता सर्वत्र पाइयो ।

[२५] बुढाथोकी, किशोर । २०८१ । मोरङको ग्रामथानमा काँग्रेसले मौन अवधिको उल्लङ्घन गरेको रास्वपाको आरोप । *अन्नपूर्ण पोष्ट*, मंसिर १५ । https://annapurnapost.com/story/469362/ मा उपलब्ध; मंसिर १८,२०८१ मा हेरिएको ।

[२६] निर्वाचन आयोग । २०८१ । प्रेस विज्ञप्तिः आचारसंहिता अनुगमन सम्बन्धमा । मंसिर १२ । https://election.gov.np/admin/public/storage/Bi-LL-2081/Press%20Release/Press_Release_2081_08_12.pdf मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[२७] नेपाल प्रेस । २०८१ । उपनिर्वाचन: कीर्तिपुरका माओवादीसहित ६ जनालाई २४ घण्टे स्पष्टीकरण । मंसिर १४ । www.nepalpress.com/2024/11/29/535598/ मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[२८] नेपाल राजपत्र । २०८१ । निर्वाचन आयोगको सूचना । कात्तिक २९ । http://rajpatra.dop.gov.np/welcome/book?ref=25763 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

## ६. मतदानको दिन

डीआरसीएनले पर्यवेक्षण गरेका केन्द्रहरूमा मतदान प्रक्रियामा कुनै ठूलो अनियमितता देखिएन । आवश्यक प्रक्रियाहरू पालना गरेर नै मतदान सञ्चालन गरिएको पाइयो । चिसोका कारण उम्मेदवारका प्रतिनिधि समयमै उपस्थित नहुनाले दैलेखको महाबु गाउँपालिका र दोलखाको गौरीशङ्कर गाउँपालिकाका केही स्थानमा मतदान तोकिएभन्दा ढिलो शुरू भएको थियो । तर ती स्थानमा मतदाता पनि ढिलो गरी नै मतदानका लागि आइपुगेकाले असर परेको थिएन ।

मतदान स्थलमा दलका प्रतिनिधिहरूबीच सामान्य विवाद भएको डीआरसीएनका पर्यवेक्षकले उल्लेख गरे । अधिकांश त्यस्ता विवाद अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अशक्त मतदातालाई अन्य व्यक्तिले मतदानमा सघाउने प्रक्रियासम्बन्धी थिए । खासगरी आफैले मत हाल्न नसक्ने मतदातालाई सहयोगीले सघाउन मिल्ने भए पनि नसक्ने मतदाता भनेको कस्तो हो र सहयोगी को हुने भन्नेबारे दलका प्रतिनिधिबीच विवाद भएको पर्यवेक्षणका क्रममा देखियो । दैलेखको महाबु गाउँपालिका वडा नं. १ जयन्ती मावि, खरिगैरा मतदानस्थलको क केन्द्रमा एक वृद्ध महिलाले छोरालाई सहयोगीका रूपमा लिएर मत खसाल्न जाँदा उम्मेदवारका केही प्रतिनिधिले उहाँले आफै भोट खसाल्न सक्नुहुन्छ भन्ने र केहीले सक्नुहुन्न भन्ने विवाद भएको थियो । पछि उनको छोरालाई बाहिर निकालियो र ती महिला आफैले भोट खसालेकी थिइन् । त्यस्तै दोलखाको गौरीशङ्कर गाउँपालिका वडा नं. ५ स्थित इबिस्थान मतदान स्थलको ग केन्द्रमा उम्मेदवारका एक प्रतिनिधिले विभिन्न ज्येष्ठ नागरिकहरूलाई भोट हाल्न सघाएको भनी नेकपा माओवादीका कार्यकर्ताले विरोध गरेपछि अबउप्रान्त उम्मेदवारका प्रतिनिधिले नभई अशक्त मतदाताका एकाघरका सदस्यले मात्रै सहयोगीका रूपमा भोट हाल्ने सहमति गरी विवाद समाधान गरिएको थियो । ककनी गाउँपालिकाको वडा नं. २ मा पनि सहयोगीले मतदानमा सघाउने विषयमा यस्तै विवाद उठेको थियो ।

परिचयपत्रबारे सबै मतदान स्थलमा एकै व्यवहार हुन सकेको थिएन । कतै परिचयपत्रको प्रतिलिपि पनि मान्य थियो भने कतै सक्कल परिचयपत्र नै खोजिएको थियो । ककनी गाउँपालिका वडा-२ अन्तर्गत शिवालय उच्च माध्यमिक विद्यालयको एक मतदान केन्द्रमा परिचयपत्रको फोटोकपी ल्याउने मतदातालाई फर्काइएको थियो र तिनले पुनः सक्कल परिचय पत्र ल्याई मतदान गरेका थिए । तर डीआरसीएनले पर्यवेक्षण गरेका अन्य मतदान केन्द्रमा नागरिकताको प्रतिलिपिलाई पनि मानिएको थियो ।

मतदानको दिन कीर्तिपुर नगरपालिका, नुवाकोटको ककनी गाउँपालिकाको वडा नं. २, काठमाडौँ महानगरपालिकाको वडा नं. १६ मा सवारी साधन चलाउन पाइएकोले मतदातालाई आवतजावतमा कठिनाइ भएन । तर दैलेखको महाबु गाउँपालिका र दोलखाको गौरीशङ्कर गाउँपालिकामा सवारी साधनलाई प्रवेश नाकामा रोकिएको थियो । त्यसैले निजी र सार्वजनिक सवारी चलेका थिएनन् । महाबु गाउँपालिकामा मतदाताहरू दुई तीन घण्टाको बाटो हिँडेर मतदान गर्न आउनुपरेको गुनासो गरिरहेका थिए । तर दोलखाको गौरीशङ्कर गाउँपालिकाभित्र भने उम्मेदवारले मतदाता ओसार्न गाडीको व्यापक प्रयोग गरेका थिए जसले गर्दा

**तालिका १ : उपनिर्वाचनको परिणाम**

| दल | स्थानीय तह प्रमुख | स्थानीय तह उपप्रमुख | वडाअध्यक्ष | जिसस प्रमुख |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | १ (-२ महाबु गाउँपालिका, ग्रामथान गाउँपालिका) | ० (-३ स्वामीकार्तिक खापर गाउँपालिका, नलगाड नगरपालिका, गौरीशङ्कर गाउँपालिका) | १६ (-३) | २ (०) |
| नेकपा एमाले | १ (+१ महाबु गाउँपालिका) | २ (+२ स्वामीकार्तिक खापर गाउँपालिका, गौरीशङ्कर गाउँपालिका) | ५ (-२) | - |
| माओवादी केन्द्र | १ (+१ ग्रामथान गाउँपालिका) | ३ (+१ नलगाड नगरपालिका) | ७ (+१) | - |
| जसपा | - | - | २ (+१) | - |
| एकीकृत समाजवादी | - | - | १ (+१) | - |
| रास्वपा | - | - | १ (+१) | - |
| नेमकिपा | - | - | १ (+१) | - |
| स्वतन्त्र | - | - | १(+१) | - |

*स्रोत : निर्वाचन आयोग, नेपाल।*

मतदातालाई राहत भएको थियो। यद्यपि केही मतदाताले भने घर फर्कंदा गाडीको बन्दोबस्त नगरिदिएको गुनासो गरेका थिए।

डीआरसीएनका पर्यवेक्षकले मतदाताको लाइनमा पुरुषको तुलनामा महिला बढी र युवा पिँढीभन्दा वयस्क पिँढी बढी देखिएको उल्लेख गरेका थिए। केही मतदान स्थलमा गेटमा सुरक्षाकर्मीको जाँच कडा भएकाले मोबाइल फोन, सुर्ती, चुरोट, गुट्का, लाइटर लगायतका कुनै पनि सामान लैजान दिइएको थिएन भने कतै यस्तो कडाइ गरिएको थिएन। पहाडी क्षेत्रका मतदान स्थल जटिल भूबनोटका कारण अपाङ्ग, अशक्त र वृद्धहरूको सहज पहुँचलाई चुनौती दिने खालका थिए। मतदान स्थलमा प्रवेश गरिसकेपछि भने त्यस्ता मतदातालाई प्राथमिकतामा राखी मतदान गर्न दिइएको थियो। गौरीशङ्कर गाउँपालिका वडा नं. ५ इबिस्थानको मतदान स्थल सडकको छेउमा हाटबजार लाग्ने ठाउँमा थियो। नजिकै सुविधाजनक विद्यालय उपलब्ध भए पनि पहिलेदेखि नै यस स्थानमा निर्वाचन हुँदै आएकाले अहिले पनि यहीँ निर्वाचन गरेको मतदान अधिकृतले बताए।

मतदान स्थलमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति देखिन्थ्यो। विगतमा भएका चुनावी हिंसाका घटना र सुरक्षा संवेदनशीलताका कारण सुरक्षा बल आवश्यक भए पनि तिनको अत्यधिक प्रदर्शनले मतदाता सशङ्कित हुनेतर्फ ध्यान गएको पाइएन। मतदान स्थलमा सीमित उपस्थिति र जगेडा फौज सेरोफेरोमा बस्नु उचित हुने केही मतदाताले बताएका थिए।

मतदान स्थल वरपरका पसल र भोजनालयहरू अस्वाभाविक व्यस्त थिए। उम्मेदवारद्वारा प्रायोजित खाना र खाजा त्यस्ता पसल र भोजनालयमा पाइएको केही मतदाताले खुलाएका थिए। ककनी गाउँपालिका वडा नं. २ को एक मतदान स्थल नजिकैको माओवादी कार्यालयमा, मतदानको दिनमा खुला रूपमा निःशुल्क खाना वितरण गरिएको थियो। दैलेखको महाबु गाउँपालिका वडा नं. ३ को मालिका माध्यमिक विद्यालयमा र कीर्तिपुर नगरपालिका वडा नं. ४ को सल्यानस्थान आधारभूत विद्यालयमा डीआरसीएनका पर्यवेक्षकलाई मतदान प्रक्रिया राम्ररी पर्यवेक्षण गर्न दिइएन।

## ७. निर्वाचनको परिणाम


थोरै स्थानमा निर्वाचन भएकाले मतगणना निकै छिटो गरिएको थियो। एउटा मात्रै मतदान स्थल रहेका १५ वटा वडाको वडाध्यक्ष पदको मतगणना सम्बन्धित मतदान स्थलमा नै गर्ने निर्वाचन आयोगको प्रयास सह्राहनीय थियो। जम्मा ६२ प्रतिशत मतदाता सहभागी भएको यो उपनिर्वाचनमा २.०६ प्रतिशत मत बदर भएको थियो।[२९] कीर्तिपुर नगरपालिकाका दुई वडाका मतदाताले मात्रै दुई पदका लागि र बाँकी सबै स्थानमा एक पदका लागि मतदान गर्ने हुँदा २०७९ को स्थानीय निर्वाचनको तुलनामा यस पटक मतपत्र निकै सरल थियो। यस्तो अवस्थामा बदर मतको यो दरलाई सानो मान्न मिल्दैन।

४४ पदका लागि भएको निर्वाचनमा सङ्ख्यात्मक आधारमा नेपाली काँग्रेसले १९ पद जित्यो भने दोस्रो भएको माओवादीले ११ र नेकपा एमालेले ८ पद जित्यो। यी दलले जितेका ३८ बाहेक जसपाले २ तथा नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी, रास्वपा, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र स्वतन्त्रले एक/एक पद जिते (हेर्नुहोस् तालिका १)। झापाको कन्काई नगरपालिका वडा नं. ६ को वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओलीले जिते।[३०] २०७४ सालमा नेपाली काँग्रेसबाट वडाध्यक्ष भइसकेका ओली गत निर्वाचनमा भने नेपाली काँग्रेसकै वागी उम्मेदवार भई दोस्रो बनेका थिए।

स्वतन्त्र उम्मेदवारमध्ये सबैभन्दा बढी चर्चा कीर्तिपुर नगरपालिकाको थियो। त्यहाँका कुल २० उम्मेदवारहरूमध्ये ११ जना स्वतन्त्र थिए। २०७९ को निर्वाचनमा काठमाडौं महानगरपालिका प्रमुखमा बालेन साह, धरान उपमहानगरपालिकाको प्रमुखमा हर्क साम्पाङ र धनगढी उपहानगरपालिकाको प्रमुखमा गोपाल हमालले स्वतन्त्र उम्मेदवार भई जितेपछि स्वतन्त्रको लहर

[२९] निर्वाचन आयोग। २०८१। स्थानीय तह उपनिर्वाचन २०८१ : निर्वाचन परिणाम प्रतिवेदन। https://election.gov.np/admin/public/storage/Bi-LL-2081/final%20report%20llbi.pdf मा उपलब्ध; मंसिर २६, २०८१ मा हेरिएको।

[३०] दृष्टि। २०८१। प्रधानमन्त्री ओलीको गृहजिल्लामा एमालेलाई हराउने अर्को ओली को हुन् ? मंसिर १७। www.drishtinews.com/archives/357211 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको।




*चित्र २ : दलहरूले २०७९ र २०८१ मा मुख्य पदमा जितेका सिट सङ्ख्याको तुलना ।*

अलि बढेको पनि छ । त्यसैले यस उपनिर्वाचनमा पनि झण्डै एक तिहाई उम्मेदवार स्वतन्त्र थिए । तर तीमध्ये कतिपय भने डमी उम्मेदवार थिए र गाडी, मतदान प्रतिनिधि, गणना प्रतिनिधि जस्ता सुविधा लिई त्यसले अन्य उम्मेदवारलाई सघाउने तिनको उद्देश्य थियो । उदाहरणका लागि, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं. २ को वडाध्यक्षका कुल ११ स्वतन्त्र उम्मेदवारमध्ये ९ जनाले शून्य भोट र २ जनाले १/१ भोट ल्याएका छन् ।[३१] उम्मेदवार आफै र तिनका प्रस्तावक एवम् समर्थकले पनि भोट नहालेकाले शून्य भोट आएको हो र यसले ती डमी उम्मेदवार भएको पुष्टि गर्छ ।

ग्रामीण इलाकामा परम्परागत ठूला दल नै हावी भएको र शहरी इलाकामा मतदाताले रास्वपा जस्ता नयाँ दल एवम् स्वतन्त्र उम्मेदवारलाई परम्परागत रूपमा ठूला मानिएका दलको विकल्प मानेको सङ्केत यस उपनिर्वाचनमा देखियो । कीर्तिपुर नगरपालिकामा नेपाली काँग्रेसका कृष्णमान डंगोलले जिते । यद्यपि त्यहाँ नेपाली काँग्रेस र नेकपा एमालेले विगतका निर्वाचनमा प्राप्त गरेकोभन्दा यसपटक मत घटेको छ । कीर्तिपुरमा नेपाली काँग्रेसले २०७४, २०७९ र यो उपनिर्वाचनमा खसेको मतको क्रमशः ३१, ४२ र २६ प्रतिशत मत पायो भने एमालेले ३५, २६ र २१ प्रतिशत मत पायो । माओवादी केन्द्रले ती निर्वाचनमा क्रमशः १९, १९ र २२ प्रतिशत मत पाए । स्वतन्त्र उम्मेदवारको मत अत्यधिक बढेको पाइयो । उक्त तीन निर्वाचनमा स्वतन्त्र उम्मेदवारको कुल मत क्रमशः ५, २ र २३ प्रतिशत हुन आउँछ ।[३२]

यस्तै, २०७९ चुनावमा काँग्रेसले जितेको दैलेखको महाबु गाउँपालिकाको अध्यक्षमा यस पटक नेकपा एमालेका जंगबहादुर शाहीले जिते ।[३३] उनै शाही २०७४ सालमा एमालेबाट गाउँपालिका अध्यक्ष बनेका थिए भने २०७९ को निर्वाचनमा एमालेबाट विभाजित एकीकृत समाजवादीबाट उठ्दा हारेका थिए । उनी २०८१ कात्तिकमा मात्रै एमालेमा फर्किएका थिए । यस्तै, २०७९ को चुनावमा नेपाली काँग्रेसले जितेको मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष पदमा माओवादी केन्द्रका उम्मेदवार नमोनारायण माझी विजयी भए । नेपाली काँग्रेसको गढ मानिएको यस पालिकामा माझीको जितले चर्चा पाएको छ । माझी आफै पनि नेपाली काँग्रेसबाट माओवादी केन्द्रमा आएका हुन् । साथै नेपाली काँग्रेसभित्रको अन्तरद्वन्द्वले गर्दा दलको संस्थापक पक्षले शेखर कोइराला पक्षका उम्मेदवारलाई असहयोग गरेकाले उनको विजय सम्भव भएको बताइयो ।[३४] संसदको चौथो दल रास्वपा र पाँचौं दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले यस उपनिर्वाचनमा त्यति राम्रो गर्न सकेनन् । रास्वपाले काठमाडौं महानगरपालिकाको वडा नं. १६ मा मात्र जित्यो । उठेका २६ स्थानमध्ये काठमाडौं-१६ मा बाहेक अन्य स्थानमा रास्वपाका उम्मेदवारको धरौटी जफत भएको थियो ।[३५] ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा रास्वपाले बढी मत पाएको गत संसदीय निर्वाचन र उपनिर्वाचनमा देखिएको थियो भने अहिले स्थानीय तहको उपनिर्वाचनले पनि त्यस्तै सङ्केत गरेको छ । तर यो उपनिर्वाचन प्रायशः ग्रामीण इलाकामा भएको थियो । कीर्तिपुर नगरपालिकामा यसले कुनै उम्मेदवार उठाएको थिएन । कार्यबाहक प्रवक्ता मनिष झाले स्वतन्त्र उम्मेदवार नै प्रभावशाली भएकाले आफ्नो दलले अर्को उम्मेदवार उठाउन जरुरी नभएको बताएका थिए ।[३६] अर्कातिर, यस दलका सभापति रवि लामिछाने र सहकारीसम्बन्धी विवादका कारण पनि यस दलको मतलाई केही असर पारेको अनुमान गर्न सकिन्छ ।

निर्वाचन आयोगले २०७९ को निर्वाचनमा पुरुषले जितेर कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष, नगरपालिका प्रमुख वा उपप्रमुख, जिसस प्रमुख वा उपप्रमुख पदमा उम्मेदवारी दिने राजनीतिक दलले महिला नै उठाउनुपर्ने बाध्यकारी निर्देशन दिएको थियो । निर्वाचन आयोगको यस सहाहनीय प्रयत्नका कारण यस उपनिर्वाचनबाट ती पदमा महिला प्रतिनिधित्व केही बढेको छ । उपनिर्वाचन भएका ४४ पदमध्ये जिससको प्रमुख १, नगरपालिका प्रमुख १, गाउँपालिका उपाध्यक्ष ४ र वडाध्यक्ष पदमा २ गरी ८ जना महिला निर्वाचित भएका छन् ।

मंसिर १८, २०८१ मा समीक्षा गर्दै नेपाली काँग्रेसले रिक्त ४४ मध्ये १९ स्थानमा जितेर पहिलो भएको भन्दै उपनिर्वाचनको नतिजालाई सन्तोषजनक

---

[३१] निर्वाचन आयोग । २०८१ । स्थानीय तह उपनिर्वाचन २०८१ : निर्वाचन परिणाम प्रतिवेदन । https://election.gov.np/admin/public/storage/Bi-LL-2081/final%20report%20llbi.pdf मा उपलब्ध; मंसिर २६, २०८१ मा हेरिएको ।


[३२] काका, अक्षर । २०८१ । कीर्तिपुरको चुनावले काँग्रेस र एमालेलाई देखाएको ऐना । *सेतोपाटी*, मंसिर १८ । www.setopati.com/politics/345164 मा उपलब्ध; मंसिर २१, २०८१ मा हेरिएको ।

[३३] शाही, ओम । २०८१ । महाबुमा जंगबहादुरले फर्काए एमालेको विरासत । शिलापत्र, मंसिर १७ । https://shilapatra.com/detail/149622 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको ।

[३४] मंसिर २०, २०८१ मा विराटनगरका एक पत्रकारसँग गरिएको कुराकानी ।

[३५] काका, अक्षर । २०८१ । रास्वपा : काठमाडौं १६ मा जित अन्य सबैतिर निराशाजनक परिणाम । *सेतोपाटी,* मंसिर १७ । www.setopati.com/politics/345046 मा उपलब्ध; मंसिर २५, २०८१ मा हेरिएको ।

[३६] मङ्सिर ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनद्वारा संयुक्त रूपमा आयोजित ‘दलहरूको आयव्यय र पारदर्शिता’ विषयक अन्तर्क्रिया कार्यक्रममा झाद्वारा प्रेषित जानकारी ।




*चित्र ३ : दलहरूले २०७९ र २०८१ मा वडाध्यक्ष पदमा जितेका सिट सङ्ख्याको तुलना।*

मानेको थियो। यद्यपि यसले २०७९ मा जितेका ८ सिट गुमायो। पहिला गठबन्धनका कारण जितिएका ती पद अहिले गुमे पनि गठबन्धनबिना आएको यो परिणाम उपलब्धिमूलक भएको नेपाली काँग्रेसका महामन्त्री तथा उपनिर्वाचन संयोजक विश्वप्रकाश शर्माले बताएका थिए।[३७] उपनिर्वाचनमा तेस्रो भएको दल नेकपा एमालेले भने अपेक्षाकृत नतिजा नआएको प्रतिक्रिया दिएको थियो।[३८] एमालेको सचिवालय बैठकमा शहरी जनमत एमालेसँग केही असन्तुष्ट रहेको स्वीकारिएको र यसलाई गम्भीर रूपमा लिइएको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले बताएका थिए।[३९] उपनिर्वाचनमा दोस्रो भएको नेकपा माओवादी केन्द्रले मंसिर १८, २०८१ मा विज्ञप्तिमार्फत आगामी निर्वाचनका लागि बलियो आधार तयार भएको प्रतिक्रिया दिँदै एक्लै चुनाव लड्ने निर्णय जनताबाट अनुमोदन भएको निष्कर्ष निकालेको थियो।[४०] रास्वपाले उपनिर्वाचनको परिणामले थप जिम्मेवार एवम् गम्भीर बनाएको र अब जनादेशको इमान राख्दै आगामी निर्वाचनमा दुई तिहाई ल्याउने उद्देश्य बोकेर काम गर्ने बताएको थियो। राप्रपाले स्थानीय तहको उपनिर्वाचनले फेरि पनि असफल दललाई मतदाताले छनौट गरेको प्रतिक्रिया दिँदै निरास र विचलित नभएको टिप्पणी गरेको थियो।[४१]

उपनिर्वाचनको नतिजालाई मुख्य दलहरूले आआफ्नै तरिकाले अर्थ्याएर आफूले राम्रो गरेको मानेका छन्। सङ्ख्यात्मक हिसावले नेपाली काँग्रेसले अहिले १९ सिट जितेर पहिलो बनेको हो र यसलाई उसले गौरवको विषय मानेको छ। तर वास्तविकता के हो भने अहिले उपनिर्वाचन भएकामध्ये २७ सिटमा नेपाली काँग्रेसले यसअघि निर्वाचन जितेको थियो। नेपाली काँग्रेसले पहिले जितेका २ पालिकाको अध्यक्ष र ३ उपप्रमुख/उपाध्यक्ष गरी ५ पद र वडाध्यक्षका ३ पद गरी ८ पद गुमाएको छ। दोस्रो स्थानमा परेको नेकपा (माओवादी केन्द्र) २०७९ मा जितेका २ उपाध्यक्ष र ६ वडाध्यक्ष गरी ८ सिटमा अहिले उपनिर्वाचन भएको थियो। यस दलले १ अध्यक्ष र १ उपाध्यक्ष र १ वडाध्यक्ष थपेको छ (हेर्नुहोस् चित्र २ र ३)।

नेकपा (एमाले) ले २०७९ सालमा जितेकामध्ये ७ वडाध्यक्षको सिटमा मात्रै उपनिर्वाचन भएको थियो तर यस दलले १ अध्यक्ष, २ उपाध्यक्ष र ५ वडाध्यक्ष जितेको छ। पुरानो परिणामसँग दाँज्दा भने नेकपा एमालेलाई पनि यो निर्वाचनले फाइदा दिएको छ। निर्वाचनको परिणामलाई गहिरिएर हेर्ने हो भने केही अपवाद छोडेर पहिला जितेका स्थानमा दलहरूले निर्वाचन गुमाएका छन् र नयाँ ठाउँमा जितेका छन्। यद्यपि परिणाम मूलतः तीन मुख्य दलकै सेरोफेरोमा देखिएको छ। यसबाट मतदाता जनप्रतिनिधि र दलको भूमिकाबाट सन्तुष्ट छैनन् र विकल्पको खोजीमा

[३७] नेपाली काँग्रेस । २०८१। प्रेस विज्ञप्ति । https://nepalicongress.org/single/press-release/thanks-congratulations-early-reviews-and-best-wishes मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको।

[३८] पाण्डे, शुरोजंग र केशवप्रसाद पाण्डे । २०८१ । उपनिर्वाचनको प्रारम्भिक समीक्षामा दलहरू । *नयाँ पत्रिका*, मंसिर १८ । www.nayapatrikadaily.com/news-details/154618/2024-12-03 मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको।

[३९] अनलाइनखबर । २०८१ । शहरी जनमत बेखुस रहेको एमाले स्वीकारोक्ति । मंसिर २५ । www.onlinekhabar.com/2024/12/1583568/uml-admits-that-urban-public-opinion-is-unhappy मा उपलब्ध; मंसिर २७, २०८१ मा हेरिएको।

[४०] नेकपा माओवादी केन्द्र । २०८१ । प्रेस वक्तव्य । मंसिर १८ । https://cdn.cpnmc.one/media/popup/469255664_1098222658334796_2787959374886912512_n.jpg मा उपलब्ध; मंसिर २० २०८१ मा हेरिएको।

[४१] नेपाल प्रेस। २०८१। उपनिर्वाचनको परिणामबारे राप्रपाको प्रतिक्रिया- हामीले जितेनौ तर निराश र विचलित छैनौँ। www.nepalpress.com/2024/12/02/536675/ मा उपलब्ध; मंसिर २०, २०८१ मा हेरिएको।

छन् भन्ने बुझिन्छ। तर त्यो विकल्प मूलतः ठूला तीन दलभित्रै खोजिएको र केही अवस्थामा अन्य दल र स्वतन्त्र उम्मेदवारसमेत विकल्पका रूपमा स्वीकारिएको यो उपनिर्वाचनले देखाएको संकेत हो।

स्थानीय निर्वाचनमा मतदाताले दलभन्दा पनि व्यक्तिगत सम्बन्ध, उम्मेदवारको लोकप्रियता आदि जस्ता विषयलाई बढी ध्यान दिने हुनाले यस उपनिर्वाचनको परिणामको आधारमा दलको लोकप्रियता यस्तै हो भनी यकिन गर्न मिल्दैन। यद्यपि सातवटै प्रदेशका विभिन्न ठाउँमा निर्वाचन भएको हुनाले देशभरिकै मतदाताको पछिल्लो मनस्थितिको केही झलक भने यसले पेश गरेको छ। प्रथमतः उपनिर्वाचनमा तीन ठूला दलबीच नै मुख्य प्रतिस्पर्धा भएको र ती दल नै नेपाली राजनीतिको मूलधारमा रहेको देखाउँछ। तथापि कालीकोटको तिलागुफा नगरपालिका वडा नं. ४ मा नेपाल मजदुर किसान पार्टी, काठमाडौँ महानगरको वडा नं. १६ मा रास्वपा, सप्तरीको डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ मा जसपा र झापाको कन्काइ नगरपालिका वडा नं. ६ मा स्वतन्त्र उम्मेदवारले वडाध्यक्ष पद जितेका उदाहरणले यी दललाई चुनौती दिने वैकल्पिक अन्य शक्ति पनि भएको प्रस्ट्याउँछन्।

## ८. निष्कर्ष

निर्वाचन जनताको मत मापन गर्ने उपयुक्त विधि हो। दलहरूको मुख्य ध्यान २०८४ मा हुने स्थानीय, प्रादेशिक र सङ्घीय तहको निर्वाचनतर्फ मोडिएको छ। यस्तो बेलामा भएको यो उपनिर्वाचन दलहरूका लागि प्रतिष्ठाको विषय बन्न पुगेको थियो। त्यसैले दलहरूले यसलाई आगामी निर्वाचनको पूर्वाभ्यास मानेका थिए। सोहीबमोजिम वडा तहको चुनावमा समेत केन्द्रीय तहका नेता खटिएको पाइयो। गठबन्धनबिना एक्लाएक्लै चुनाव लड्नुपर्ने भनी दलभित्रै उठेको आवाजलाई यस निर्वाचनको नतिजाले केही बल पुऱ्याएको छ। स्थानीय सरकारको पाँच वर्षे कार्यकालमध्ये आधाभन्दा धेरै समय बितिसकेको छ र नव निर्वाचित पदाधिकारी अब आधाभन्दा कम समय पदमा बहाल हुनेछन्। तर यस्तो अवस्थामा पनि उम्मेदवारहरूले अत्यधिक खर्च गरिएको पाइनुले भविष्यमा आचारसंहिताको कडा कार्यान्वयन र अनुगमनको आवश्यकता औँल्याउँछ।

केही निश्चित पालिकामा गरिएको निर्वाचनको परिणामको आधारमा दलको लोकप्रियता आँकलन गर्न सकिँदैन। अर्कातिर, स्थानीय निर्वाचनमा दलीय आस्थाले मात्रै काम गर्दैन, उम्मेदवारले पाउने मतमा उसको लोकप्रियता, नातासम्बन्ध, जात आदिको पनि भूमिका आवश्यक हुन्छ। त्यति हुँदाहुँदै पनि यस उपनिर्वाचनले मतदाताको मनस्थिति, दलको पकड, गठबन्धनको भूमिका आदिबारे केही अनुमान गर्ने आधार भने दिएको छ। यस उपनिर्वाचनमा मतदाताले ग्रामीण भेगमा परम्परागत ठूला दल नै रोजेको र शहरतिर ती दलको विकल्प खोजेको सङ्केत मिल्छ। काठमाडौँ महानगरपालिका वडा नं. १६ को वडाध्यक्षमा रास्वपा उम्मेदवारको विजयले शहरी इलाकामा पुराना दलको विकल्प खोजेको जस्तो देखिए पनि ग्रामीण भेगमा सोही दलको कमजोर हैसियतले यसलाई मतदाताले विश्वास गरिहाल्न नसकेको झलक दिन्छ।

स्थानीय तहको उपनिर्वाचन प्रक्रियागत मापदण्डहरूको पालना गरी शान्तिपूर्वक सम्पन्न भए पनि यसमा प्रणालीगत केही चुनौतीहरू स्पष्ट देखिएका थिए। परिचय पत्र प्रमाणीकरण अभ्यासमा देखिएका विसङ्गति, मतदानस्थलसम्म मतदाताको सुलभ पहुँचका चुनौती, सहयोगीले मतदान गर्ने अभ्यासमा एकरूपताको कमी, उम्मेदवारद्वारा प्रायोजित खाजा, खाना र मतदान स्थलसम्मको आतेजाते व्यवस्था, आदिले निर्वाचनको स्वच्छता र सहजतामा केही चुनौती अवश्य थपेका छन्। यसबारे निर्वाचन आयोग र अन्य सरोकारवालाहरूले ध्यान दिन जरुरी छ।

◆◆◆

यो अध्ययन युनाइटेड स्टेट्स एजेन्सी फर इन्टरनेशनल डेभलपमेन्ट (युएसएड) मार्फत अमेरिकी जनताको सहयोगले सम्भव भएको हो। यस प्रतिवेदनका विषयवस्तु तथा विश्लेषण डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का हुन् र तिनले युएसएड वा अमेरिकी सरकारको विचारलाई प्रतिबिम्बित गर्दैन।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो। स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ। डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ। यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो।

DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
बखुण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/